कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनवारी, झापा ।
१ नं. प्रदेश, नेपाल

दरभाउ पत्र नम्बर:KANAKAI/SQ/GOODS/06/2078-079

# शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८ /१२/०७)

आ.व.२०७८/७९ को वार्षिक निति तथा कर्यक्रममा रहेको सामुदायिक विद्यालयका बाल विकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुका लागि पोशाक व्यवस्थापन कार्यक्रम अन्तर्गत तपशिलको परिमाणको विद्यालय पोसाक (तयारी) खरिदको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा सार्वजनिक खरिद नियमावलि को नियम ८४ बमोजिम शिलबन्दी दरभाउपत्र माग गरी खरिद प्रक्रिया अघि बढाउन मान्यता प्राप्त फर्म/व्यवसायी वा आपूर्तिकर्ताहरूबाट निम्न सर्तहरूको अधीनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरू:-

१. दरभाउ पत्र पेस गर्न इच्छुकले कम्पनी / फर्म वा आपूर्ति कर्ताहरूले फर्म वा व्यवसाय दर्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व.२०७७/७८ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन भित्र यस कार्यालयको राजस्व शाखामा रु. १,०००/- रकम जम्मा गरेको नगदी रसिद पेस गरी दरखास्त फाराम खरिद गर्न सक्ने छन्।

२. खरिद भएका दरभाउ पत्र सम्बन्धी कागजात १६ औ दिनको १२ बजे सम्म यस कार्यालयको नाममा सम्बोधन गरी दरभाउ पत्र नं.,दरभाउ पत्र दाताको नाम,ठेगाना र सम्पर्कनम्बर समेत स्पष्ट खुलाइ फर्मको छाप लगाई सहिछाप समेत गरी सिलबन्दी खाम पेस गर्नु पर्नेछ।

३. दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भएका सम्पूर्ण विवरणहरू भर्नुपर्नेछ। प्राप्त भएका दरभाउपत्रहरू पेस गर्नु पर्ने अन्तिम दिनको २ बजे कार्यालयका प्रतिनिधिहरू र दरभाउ पत्र दाता वा निजका आधिकारिक प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र खोलिने दिन दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

४. दरभाउपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा सोही बमोजिम हुनेछ।

५. दरभाउपत्रको जमानत रकमको ५ प्रतिशत रकम यस कार्यालयको नाममा ने.बै.लि. सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं १४७०३००००३००००००००१ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा सो बराबरको नेपाल राष्ट्र बैकबाट"क" वर्गको मान्यता प्राप्त बैकबाट वा कुनै वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन एवम् ठेक्का नं.अनिवार्य रूपमा उल्लेख भएको दरभाउपत्र जमानत (दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको) पेस गर्नु पर्नेछ। बैक मार्फत दरभाउ पत्र जमानत पेसगर्नेका हकमा कार्यालयबाट निर्दिष्ट गरिएको दरभाउपत्र जमानत फाराम अनुसारनै पेस भएको मात्र मान्य हुनेछ।

६. दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मूल्यअभिवृद्धि कर सहितको दररेट उल्लेख गर्नुपर्नेछ।दरभाउपत्रमा प्रत्येक आइटमवाईज दर अंक र अक्षर दुबैमा स्पष्ट लेखी प्रत्येक पानामा सहिछाप गरेको हुनु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएका लाई मान्यता दिइनेछ।केरमेट भएको ठाउँमा दरभाउपत्र दाताको सहिछाप भएको हुनु पर्नेछ।

७. नक्कली कागजात पेस गरी वा मिलेमतो गरि दरभाउपत्रमा भाग लिएको पाइएमा सो दरभाउपत्र रद्द गरी त्यस्ता कम्पनी/फर्म/सप्लायर्सलाई कालोसूचिमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरी पठाईनेछ। म्याद नाघी आएको, रीत नपुगेको र ससर्त पेसभएका दरभाउपत्रहरू मान्य हुने छैन।

८. सप्लाई गर्ने पोशाकहरू दरखास्त फाराम साथ संलग्न सामग्रीहरूको विवरण तथा नमुनाहरू बमोजिम नै हुनुपर्नेछ।

९. दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक वा आईटमवाईज रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१०.यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ।

११. विद्यालय पोशाक (हाउस ड्रेस) तपशिल बमोजिमका उमेर र कपडाको सेट उपलब्ध गराउनु पर्नेछः

| सि.नं | वालवालिकाको उमेर समूह | सामग्रीको विवरण | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | ४-५ वर्ष उमेर समूह | जर्सी र ट्राउजर | ६५० सेट | एउटै रङ निलो |
| २ | ६-८ वर्ष उमेर समूह | जर्सी र ट्राउजर | १२०० सेट | एउटै रङ निलो |
| ३ | ९-१० वर्ष उमेर समूह | जर्सी , ट्राउजर र हाफ बाउला भएको भेष्ट | ८५० सेट | रातो हरियो पहेंलो र निलो बराबर परिमाणमा |

१२.शिलबन्दी दरभाउपत्र स्वीकृत पश्चातः जर्सीको पछाडीको भागमा कनकाई नगरपालिकाको लोगोको लेजर प्रिन्ट र जर्सीको अगाडीको भागको पकेटमा नगरबाट प्राप्त भएको तथ्याङक अनुसारको विद्यालय वा वालविकास केन्द्रको नाम र लोगोको लेजर प्रिन्ट गर्नुपर्नेछ ।

१३.शिलबन्दी दरभाउपत्र साथ आफूले उपलब्ध गराउने कपडा(जर्सी, ट्राउजर र हाफ बाउला भएको भेष्ट)को नमुना छुट्टै शिलबन्दी गरी पेश गर्नु पर्नेछ । तपशिल बमोजिम पेश गर्नु पर्नेछ ।

| सि.नं | सामग्रीको नाम | सामग्रीको परिमाण | सूचना प्रकाशित गर्ने माध्यम | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालय पोशाक (तयारी जर्सी+ट्राउजर)<br>• बालविकास केन्द्रका लागी १-१ सेट निलो रङ (वालविकास केन्द्र र न.पा.को लोगो सहित)<br>• कक्षा १-३ सम्म- १-१ सेट निलो रङ (विद्यालयको लागी र न.पा.को लोगो सहित)<br>• कक्षा ४-५ सम्म- १-१ सेट निलो,रातो,हरियो र पहेंलो रङ (विद्यालयको लगो र न.पा.को लोगो सहित) | २,७०० सेट | शिलबन्दी दरभाउपत्र | ल.ई. १३,००,०००।- |

१४.पेश भएका दरभाउपत्रको छनौट प्राप्त कपडाहरुको गुणस्तर बमोजिम हुनेछ ।

१५.दरभाउ पत्रसाथ पेस गर्नु पर्ने कागजातहरु:

- कम्पनी, फर्म, व्यवसाय वा आपूर्तिकर्ताको प्रमाणपत्रको प्रतिलिपि,
- मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- आ व २०७७/०७८ को कर चुक्ता पुर्जाको प्रतिलिपि,
- तोकिएको बैकमा धरौटी जम्मा गरेको बैक भौचर ।

पितम्बर गौतम
उपसचिव
(अधिकृत स्तर दशौं तह)